# विद्यालयमा स्थापित छात्रवृत्ति एवं पुरस्कारहरू

मदन सुवेदी (शिक्षक)

मानव जातिको प्रगतिको मूल कारण शिक्षा हो । शिक्षाले नै मानवलाई सभ्य बनाउँछ । सभ्यता नै पूर्णमानवको पहिचान हो । शिक्षाले मानिसलाई जीवन जिउने कला प्रदान गर्दछ, जसबाट मानिसले सफल जीवन जिउन सक्छ । तसर्थ समाजको विकासका लागि शिक्षाको प्रचारप्रसार हुनुपर्दछ भन्ने पवित्रतम उद्देश्य राखी वि. सं. २००४ सालमा 'पद्मोदय मिडिल स्कुल' को स्थापना भएको हो । यस क्षेत्रमा गुणस्तरीय शिक्षा प्रदान गर्ने महŒवपूर्ण अभिभारा वहन गर्दै आएको यस विद्यालयमा यस क्षेत्रका शिक्षाप्रेमी, बुद्धिजीवी महानुभावहरूले विभिन्न छात्रवृत्ति तथा पुरस्कारहरू स्थापना गरी स्तरीय शिक्षाका लागि मार्ग प्रशस्त गर्ने कार्य गर्नु भएको छ, जसबाट विद्यालयीय शिक्षामा सकारात्मक सहयोग पुगेको महसुस गरिएको छ । विद्यालयमा हालसम्म २२ वटा छात्रवृत्ति तथा पुरस्कारहरू स्थापित छन्,जसमा वूmल अक्षयकोष रकम रु. २०८४११२÷- अक्षरेः बिस लाख चौरासी हजार एक सय बाह्र रुपियाँ रहेको छ । यहाँ तिनको सामान्य परिचय दिने प्रयास गरिएको छ ।

१. खीम पुरस्कार

विद्यालयका पूर्व प्रधानाध्यापक स्व. यज्ञबहादुर बुढाथोकीज्यूले आफ्ना पूज्य पिताको स्मृतिमा रु. १ लाख ५ हजारको अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकमबाट विद्यालयको वार्षिक परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई पुरस्कृत गरिन्छ ।

२. अपाङ्ग विद्यार्थी कल्याणकोष

अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष सन् १९८१ को शिलशिलामा यस विद्यालयका शिक्षक एवं शिक्षिकाहरूको सक्रिmयतामा २०३७ सालमा रु. ७ हजार आर्थिक सहयोग जुटाई स्थापना गरिएको यो छात्रवृत्ति यस विद्यालयका अपाङ्ग विद्यार्थीहरूमध्ये गरीव तथा जेहेन्दार एक जनालाई प्रदान गरिन्छ ।

३. शिवशक्ति पुरस्कार

विद्यालयका पूर्व शिक्षक श्री कृष्णप्रसाद लम्सालज्यूले आफ्ना पूज्य पिताको स्मृतिमा २०४६ सालमा रु. १० हजारको अक्षयकोषबाट स्थापना गर्नुभएको हो । यसै वर्षदेखि संस्थापकद्वारा अक्षयकोषको रकम थप गरी रु. २५ (पचिस हजार) पु¥याइएको छ । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम विद्यालयको वार्षिक परीक्षामा अङ्ग्रेजी विषयमा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक जना छात्र वा छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

४. भूपेन्द्रश्वर श्रेष्ठ पुरस्कार

विद्यालयका संस्थापक सदस्य स्व. भूपेन्द्रश्वर श्रेष्ठले रु. १० हजारको अक्षयकोष खडा गरी यो पुरस्कारको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकमबाट विद्यालयको वार्षिक परीक्षामा विज्ञान र गणित विषयमा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक एक जना छात्र वा छात्रालाई पुरस्कार प्रदान गरिन्छ ।

५. शिवहरि पुरस्कार

बहुमुखी प्रतिभा क्लब, घोराहीबाट प्रजातन्त्रप्रेमी स्व. शिवहरि शर्माको नाममा रु. २५ हजारको अक्षयकोष खडा गरी २०५० सालमा यो पुरस्कारको स्थापना गरिएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम सरकारी विद्यालयबाट एस. एल. सी. र १०+२ परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक एक जना छात्र वा छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

६. रामसुख मिश्र पुरस्कार

पूर्व माननीय मन्त्री श्री बलदेव शर्मा मजगैयाँले आफ्ना आदरणीय गुरु श्री रामसुख मिश्रको स्मृतिमा २०५२ सालमा रु. २५ हजारको अक्षयकोष खडा गरी  यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम कक्षा १२ विज्ञान सङ्कायमा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक जना छात्र वा छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ । ७. डा. भरत-रेखा छात्रवृत्ति

विद्यालयका संस्थापक सदस्य स्व. भूपेन्द्रश्वर श्रेष्ठका सुपुत्र डा. भरत श्रेष्ठले २०५३ सालमा आफू र आफ्नी धर्मपत्नीको नाममा रु. २५ हजारको अक्षयकोष खडा गरी यो छात्रवृत्तिकोषको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यस विद्यालयबाट एस. एल. सी. परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई छात्रवृत्तिस्वरूप प्रदान गरिन्छ ।

८. दामोदर-जानकी छात्रवृत्ति

विद्यालयका संस्थापक स्व. दामोदर शर्मा घिमिरेका सुपुत्र श्री देवकीनन्दन शर्मा र उहाँकी धर्मपत्नी मनदेवी शर्माले २०५३ सालमा आफ्ना प्रातःस्मरणीय बुवाआमाको स्मृतिमा रु. ५० हजारको अक्षयकोषबाट यो छात्रवृत्तिकोषको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकमबाट यस विद्यालयबाट कक्षा ८ र ९ को वार्षिक परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने गरीव तथा जेहेन्दार २÷२ जना छात्र वा छात्रालाई यो छात्रवृत्ति प्रदान गरिन्छ ।

९. लक्ष्मणप्रसाद आचार्य छात्रवृत्ति

विद्यालयका पूर्व सहायक प्रधानाध्यापक स्व. लक्ष्मणप्रसाद आचार्यका सुपुत्रहरू (श्री निश्चल आचार्य, निशान्त आचार्य, निरज आचार्य, निराजन आचार्य)ले आफ्ना पूज्य पिताको स्मृतिमा २०५५ सालमा रु. १० हजारको

अक्षयकोषबाट यो छात्रवृत्तिकोषको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजस्वरूप प्राप्त हुने रकम विद्यालयमा अध्ययनरत अनाथ तथा जेहेनदार विद्यार्थीहरूमध्ये एक जना छात्र वा छात्रालाई छात्रवृत्तिस्वरूप प्रदान गरिन्छ ।

१०. गौरी-स्मृति छात्रवृत्ति

विद्यालयका पूर्व शिक्षक स्व. चिन्तामणि आचार्यले आफ्नी ममतामयी माता गौरीदेवी शर्माको स्मृतिमा २०५७ सालमा रु. २० हजारको अक्षयकोषबाट यो छात्रवृत्तिकोषको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम विद्यालयको वार्षिक परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने छात्रालाई छात्रवृत्तिस्वरूप प्रदान गरिन्छ ।

११. घना विष्ट छात्रवृत्ति

विद्यालयका पूर्व शिक्षक श्री प्रकाश बिष्टले आफ्नी ममतामयी आमा घना बिष्टको स्मृतिमा रु. २२ हजारको अक्षयकोषबाट यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम विद्यालयको वार्षिक परीक्षामा कक्षा ९ मा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक जना र एस. एल. सी. मा कम्प्युटर विषयमा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक जना छात्र वा छात्रालाई छात्रवृत्तिस्वरूप प्रदान गरिन्छ ।

१२. झविन्द्र-ठगा-विष्णुदेवि स्मृति पुरस्कार

यस विद्यालयका पूर्व विद्यालय व्यवस्थापन समिति सदस्य श्री खगराज पाण्डेयले आफ्ना पूज्य पिता झविन्द्रराज पाण्डेय र माता ठगादेवी पाण्डेयको स्मृतिमा २०५९ सालमा रु. २० हजारको अक्षयकोष खडा गरी स्थापना गर्नुभएको हो । गत वर्षदेखि संस्थापकद्वारा अक्षयकोषको रकम थप गरी रु. ५०,०००÷ (पचास हजार) पु¥याइएको छ । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम एस. एल. सी. परीक्षामा गणित, अङ्ग्रेजी र विज्ञान विषयमध्ये सबैभन्दा बढी प्रतिशत विद्यार्थी उत्तीर्ण हुने विषयका शिक्षकलाई सम्मानस्वरूप प्रदान गरिन्छ ।

१३. सिर्जना छात्रवृत्ति

यस विद्यालयकी पूर्व छात्रा स्व. सिर्जना पोख्रेलको सम्झनामा घोराही न. पा. २ कर्जाही निवासी उहाँका बुवा श्री विष्णुप्रसाद पोख्रेलले २०६१ सालमा रु. १० हजारको अक्षयकोक्ष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम कक्षा ८ को वार्षिक परीक्षामा यस विद्यालयबाट सर्वोत्तम अङ्क प्राप्त गर्ने छात्रालाई छात्रवृत्तिस्वरूप प्रदान गरिन्छ ।

१४. रामसिनेही तथा सुरतीदेवी शाह स्मृति पुरस्कार

यस विद्यालयका शिक्षक श्री रामसुन्दर शाहले आफ्ना पूज्य पिता-माताको नाममा २०६३ सालमा रु.२०हजारको अक्षयकोषखडा गरी यो पुरस्कारको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम

एस. एल. सी. परीक्षामा गणित-तथ्याङ्क र विज्ञान विषयमा सबैभन्दा बढी अङ्क ल्याउने एक एक जना विद्यार्थीलाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

१५. खगराज-शारदा लोहनी पुरस्कार

विद्यालयका संस्थापक सदस्य श्री खगराज लोहनी तथा उहाँकी धर्मपत्नी शारदा लोहनीका छोरीहरू- माया लोहनी, देवकी श्रेष्ठ, निर्मला अधिकारी र विमला ढुङ्गेलले बुवाआमाको सम्मानमा २०६३ सालमा

रु. १ लाखको अक्षयकोष खडा गरी संयुक्त रूपमा यो पुरस्कारको स्थापना गर्नुभएको हो । यो पुरस्कार यस विद्यालयबाट एस. एल. सी. परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने छात्रालाई ४० प्रतिशत र १०+२ मा सर्वोत्तम अङ्क प्राप्त गर्ने छात्रालाई ६० प्रतिशतका दरले प्रदान गरिन्छ ।

१६. सावर्णी-छन्द छात्रवृत्ति

यस विद्यालयकी पूर्व शिक्षिका स्व. नारायणी गौतमले आफ्ना स्वर्गीय पिता सावर्णिराज पन्त र माता छन्दकुमारी पन्तको स्मृतिमा २०४६ सालमा रु. २५ हजारको अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यसै विद्यालयबाट एस. एल. सी. परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने छात्रालाई छात्रवृत्तिस्वरूप प्रदान गरिन्छ ।

१७. रमास्मृति छात्रवृत्ति

यस विद्यालयका पूर्व शिक्षक श्री लालमणि न्यौपाने (छोराहरूसमेत)ले आफ्नी स्वर्गीय धर्मपत्नी रमा न्यौपानेको स्मृतिमा २०६५ सालमा रु.१ लाखको अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यस विद्यालयमा कक्षा ११ मा अध्ययन गर्ने छात्राहरूमध्ये एस. एल. सी. परीक्षामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने एक जना छात्रालाई छात्रवृत्तिस्वरूप प्रदान गरिन्छ ।

१८. गौरी-लक्ष्मण छात्रवृत्ति

विद्यालयका संस्थापक सदस्य श्री खगराज लोहनीकी बुहारी श्रीमती गौरी लोहनीले आफ्ना स्वर्गीय पति लक्ष्मण लोहनीको स्मृतिमा २०६६ सालमा रु. ५० हजारको अक्षयकोष खडा गरी स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यस विद्यालयमा कक्षा ६ को वार्षिक परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने छात्रालाई क्रमशः कक्षा १० सम्म प्रदान गरिन्छ । तर, निजले बीचैमा कक्षा छाडेमा वा अनुत्तीर्ण भएमा यो छात्रवृत्ति पुनः त्यस वर्ष कक्षा ६ मा सर्वोत्तम अङ्क प्राप्त गर्ने छात्रालाई छात्रवृत्तिस्वरूप प्रदान गरिन्छ ।

१९. विष्णु-ईश्वरा रेग्मी पुरस्कार

विद्यालयका पूर्व सहायक प्रधानाध्यापक स्व. विष्णुप्रसाद रेग्मीको स्मृतिमा उहाँकी धर्मपत्नी श्रीमती ईश्वरा देवी रेग्मी र सुपुत्रहरू प्रदीपकुमार रेग्मी तथा प्रवीण रेग्मीले २०६८ सालमा रु. ५० हजारको अक्षयकोष खडा गरी यो पुरस्कारको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यसै विद्यालयबाट एस. एल. सी. परीक्षामा नेपाली विषयमा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

२०. भिजन-स्मृति पुरस्कार

यस विद्यालयकी पूर्व छात्रा स्व. भिजन अधिकारीको स्मृतिमा उहाँका पिता श्री भोलानाथ अधिकारी तथा माता सरस्वती अधिकारीले २०६८ सालमा रु. ६५ हजारको अक्षयकोष खडा गरी स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यसै विद्यालयमा विज्ञान सङ्कायतर्फ कक्षा ११ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने २ जना छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

२१. उत्कृष्ट शिक्षक पुरस्कार

यस विद्यालयका पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री गजराज शर्माले विद्यालयमा कार्यरत शिक्षकहरूको मनोबल उच्च राख्ने उद्देश्यले २०६८ सालमा रु. २५ हजारको अक्षयकोषबाट स्थापना गर्नुभएको यो पुरस्कार विद्यालयको स्तरोन्नतिका लागि उत्कृष्ट गतिविधि प्रस्तुत गर्ने एक जना शिक्षकलाई सम्मानस्वरूप प्रदान गरिन्छ ।

२२. पूर्णचन्द्र-नारायणी प्रज्ञा पुरस्कार

यस विद्यालयका पूर्व प्रधानाध्यापक श्री गोविन्दप्रसाद न्यौपानेले स्वर्गीय पिता पूर्णचन्द्र उपाध्यायको सम्झना एवं ममतामयी माता नारायणी उपाध्यायको सम्मानमा २०६९ सालमा रु. ५१ हजारको अक्षयकोष खडा गरी स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यस विद्यालयबाट एस. एल. सी. परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गरी यसै विद्यालयमा उच्च माध्यमिक तहमा अध्ययन गर्ने एकजना छात्र वा छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

२३. आमा वसुन्धरा पुरस्कार

लक्ष्मीपुर ४ डाँडागाउँ निवासी यस विद्यालयका शुभचिन्तक ताराप्रसाद देवकोटा (छोराहरूसमेत)ले ममतामयी आमा वसुन्धराको सम्झनामा २०७१ सालमा रु. १०१००१÷ (एक लाख एक हजार एक)को अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यस विद्यालयमा +२ तर्फ सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

२४. सीतादेवि मजगैयाँ स्मृति प्रतिभा पुरस्कार

यस विद्यालयका पूर्व शिक्षक श्री उत्तमकृष्ण मजगैयाँले स्वर्गीय सहधर्मिणी सीतादेवि मजगैयाँको स्मृतिमा आफ्ना सन्तानको सहयोगमा २०७१ सालमा रु.५०,००० ÷ (पचास हजार)को अक्षयकोष खडा गरी यो पुरस्कारको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यसै विद्यालयबाट एस. एल. सी.. परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने एक जना छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

२५. रवि रावत स्मृति पुरस्कार

घोराही ४ डबरी निवासी पद्मराज रावतले आफ्ना सुपुत्र रवि रावतको स्मृतिमा २०७१ सालमा

रु. १,००,००० ÷ (एक लाख)को अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यस विद्यालयमा +२ तर्फ विज्ञान सङ्कायको कक्षा ११ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

२६. भागवत-अनन्तकला छात्रवृत्ति

घोराही ३ घनिबगिया निवासी शान्तादेवी घिमिरे, कृष्णकुमार शर्मा, डा. गोविन्दप्रसाद घिमिरे, शारदा सत्याल र मुरारि घिमिरेले पूज्य मातापिताको स्मृतिमा रु. १,११,१११ (एक लाख एघार हजार एक सय एघार)को अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकमको ८० प्रतिशत छात्रवृत्तिका रूपमा वितरण गर्ने र बाँकी २० प्रतिशत अक्षयकोषमा थप गर्दै जाने गरी यसको स्थापना गरिएको हो । छात्रवृत्ति यस विद्यालयबाट कक्षा ११ को वार्षिक परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने विद्यार्थीलाई प्रदान गरिन्छ ।

२७. मेदिनी-सावित्री प्रज्ञा पुरस्कार

घोराही ३ घनिबगिया निवासी छोराबुहारी निलम घिमिरे, अजय शर्मा र अरविन्द घिमिरेले पूज्य मातापिताको स्मृतिमा रु. १,५१,००० ÷ (एक लाख एकाउन्न हजार)को अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम विद्यार्थीको हितको लागि विद्यालयले व्यवस्था गरे बमोजिम प्रयोग गर्न मिल्ने गरी यसको स्थापना गरिएको हो ।

२८. विष्णु-भूपेन्द्रश्वर श्रेष्ठ प्रज्ञा पुरस्कार

घोराही ११ भरतपुर निवासी तोरणध्वज श्रेष्ठ, मीनबहादुर श्रेष्ठ, डा. भरतराज श्रेष्ठ, उत्तमकुमार श्रेष्ठ, ध्रुवकुमार श्रेष्ठ, र अर्जुन श्रेष्ठले पूज्य मातापिताको सम्झनामा रु. ३,५१,००० ÷ (तिन लाख एकाउन्न हजार)को अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम विद्यार्थीको हितको लागि विद्यालयले व्यवस्था गरे बमोजिम प्रयोग गर्न मिल्ने गरी यसको स्थापना गरिएको हो ।

२९. सतबहादुर पुरस्कार

घोराही १० जनचेतना टोल निवासी सुपुत्री ताराकुमारी बुढा मगरले पिता सतबहादुरको सम्मानमा रु. ५० हजारको अक्षयकोष खडा गरी यो पुरस्कारको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यस विद्यालयका जनजाति विद्यार्थीहरूमध्ये एस. एल. सी.. परीक्षामा सर्वोत्तम अङ्क प्राप्त गर्ने एक जना छात्र वा छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

३०. देवीलाल-गोमती स्मृति पुरस्कार

यस विद्यालयका पूर्व छात्र डा. मतिराम पुनका दाजुभाइहरू (घनश्याम पुन, मतिराम पुन र भीमसेन पुन)ले पिता स्व. देवीलाल पुन र माता स्व. गोमती पुनको स्मृतिमा २०७१ सालमा रु. १,००,००० ÷ (एक लाख)को अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यस विद्यालयमा +२ तर्फ कक्षा ११ को वार्षिक परीक्षामा जीवशास्त्रमा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई पुरस्कारस्वरूप प्रदान गरिन्छ ।

३१. लीलाराम छात्रवृत्ति

घोराही ४ चौघेरा निवासी लीलाराम के.सी.ले दक्ष जनशक्ति उत्पादनमा विद्यालयलाई सहयोग पु¥याउने उद्देश्यले २०७१ सालमा रु. २,००,००० ÷ (दुई लाख)को अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यसको वार्षिक व्याजबाट प्राप्त हुने रकम यस विद्यालयमा +२ तर्फ विज्ञान सङ्कायको कक्षा ११ र १२ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने एक एक जना गरी जम्मा दुई जना विद्यार्थीलाई छात्रवृत्तिस्वरूप प्रदान गरिन्छ ।

३२. जनार्दन शर्मा स्मृति प्रतिभा पुरस्कार

घोराही २ गैरागाउँ निवासी गीता शर्मा, छोरी अनु शर्मा, छोरा विनय शर्माले यस विद्यालय लामो समयसम्म कार्यरत रही अवकाश प्राप्त गरेका आफ्ना पति एवं बुबा स्व. जनार्दन शर्माको स्मृतिमा २०७३ सालमा रु. १०,०००।- (दस हजार) को अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो । यो पुरस्कार विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुमध्ये सर्वोत्कृष्ट अङ्क ल्याउने १ जनालाई प्रदान गरिन्छ ।

३३. नारायणी-पूर्णचन्द्र प्रज्ञा पुरस्कार

यस विद्यालयका पूर्व प्र.अ. श्री गोविन्दप्रसाद न्यौपानेका दिदीबहिनीहरु ः सरस्वती गौतम, सीता अधिकारी, विमला पोखरेलले ममतामयी माता स्व. नारायणी उपाध्याय तथा स्व. पिता पूर्णचन्द्र उपाध्यायको स्मृतिमा २०७३ सालमा रु. ३३,३००।- (तेत्तीस हजार तीन सय) को अक्षयकोष खडा गरी यसको स्थापना गर्नुभएको हो

। यसको वार्षिक ब्याजबाट प्राप्त हुने रकम यस विद्यालयको प्राविधिक धारतर्फ कक्षा ९ मा सर्वोत्तम अंक प्राप्त गर्ने एक जना छात्रालाई पुरस्कार स्वरुप प्रदान गरिन्छ ।

यसरी यस विद्यालयको शैक्षिक गुणस्तर माथि उठाउने उद्देश्यले विभिन्न समयमा विभिन्न महानुभावहरूबाट छात्रवृत्ति तथा पुरस्कार स्थापना गर्ने जस्तो पुनीत एवं प्रशंसनीय कार्य गर्नु भएको छ । उहाँहरूको विशुद्ध भावना अनुरूप विद्यार्थीहरू पनि आफ्नो पढाइप्रति सजग भई उनीहरूबीच स्वस्थ प्रतिस्पर्धाको भावना जागरित हुने छ, जसबाट दक्ष, कर्मठ, इमानदार एवं जिम्मेवार नागरिक उत्पादनमा यी छात्रवृत्ति तथा पुरस्कारहरू सहयोगी सिद्ध हुने विश्वास विद्यालयले लिएको छ ।

धन्यवाद ।